रास्कोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# रास्कोट अस्पताल व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८०

आर.सी.पी , कालीकोट

कर्णाली प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/२२

# रास्कोट अस्पताल ब्यवस्थापन तथा सञ्चालन निर्देशिका -२०८०

**प्रस्तावनाः** नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो। यसलाई राज्यले संवैधानिकरुपमा मौलिक अधिकारको रुपमा उल्लेख गरेको छ । यसै कानूनी प्रावधानलाई पुरा गर्न संघीय व्यवस्था अनुरुप जनताको नजिकको सरकार स्थानीय सरकारले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न यस रास्कोट नगरपालिका नगर कार्यपालिकाले सरकारी तथा गैरसकारी नीजि स्रोत र आफ्नै लगानीमा रास्कोट अस्पताल सञ्चालन गरिरहेको छ । उक्त अस्पताल सुरुवातको क्रम यस नगरपालिकाको वडा नं. ०५ रानागाउँ स्थित आयुर्वेद अस्पताल बाट संचालनमा भई रास्कोट कम्युनिटी हस्पिटल हुदै मिति २०७७ साल कार्तिक २७ गते रास्कोट कम्युनिटी हस्पिटल संचालक समिति, रास्कोट नगरपालिका र रवि लामिछाने फाउण्डेशन विच सम्झौताभई रास्कोट नगरपालिकाको स्वामित्वमा रहने गरि हस्तान्तरण भए अनुरुप हाल रास्कोट वडा नं ४ गौंतुकोटमा आफ्नै भवनमा सञ्चालनमा रहेको छ । यस नगरपालिकासंग भएका साधन श्रोतको उचित परिचालन तथा ब्यवस्थापन गरि यस क्षेत्र आसपासका समुदायलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने पवित्र उद्धेश्य राखि रास्कोट अस्पताल संचालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ प्रयोग गरि "रास्कोट अस्पताल व्यबस्थापन तथा सञ्चालन निर्देशिका, २०८० निर्माण गर्न वान्छनीय भएकाले यो निर्देशिका जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस निर्देशिकाको नाम "**रास्कोट अस्पताल व्यबस्थापन तथा सञ्चालन निर्देशिका-२०८०**" रहेको छ ।

(२ यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(१) "अस्पताल" भन्नाले "रास्कोट अस्पताललाई सम्झनु पर्दछ ।

(२) समिति भन्नाले दफा ३ बमोजिम निर्देशिकामा भएको समिति सम्झनु पर्दछ ।

(३) नगरपालिका भन्नाले रास्कोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(४) "स्थानीय सरकार" भन्नाले रास्कोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(५) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारलाई सम्झनु पर्दछ ।

(६) नेपाल सरकार" भन्नाले संघीय नेपाल सरकारलाई सम्झनु पर्दछ ।

(७) "कोष" भन्नाले दफा ७ बमोजिमको कोष सम्झनु पर्दछ ।

८) " व्यवस्थापक" भन्नाले रास्कोट अस्पतालको आर्थिक, प्रशासनिक र भौतिक पक्षको व्यवस्थापन गर्न नियुक्त कर्मचारी भन्ने बुझिन्छ ।

(९) तोकिए बमोजिम भन्नाले यस निर्देशिका अन्तर्गत हुने कार्यकारी वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

**३. समितिको गठन** (१) यस रास्कोट अस्पतालको रास्कोट नगरपालिका संरक्षक हुने गरि रास्कोट नगरवासी र रास्कोटमा कार्यरत स्वास्थ्यकर्मी रहने गरि यस अस्पतालको संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम १३ सदस्यिय व्यवस्थापन समिति निर्देशिका गरिनेछ ।

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभव प्राप्त ब्यक्ति वा स्नातक पास गरेको ब्यक्ति १ जना 'अध्यक्ष

(ख) रास्कोट अस्पतालका आजिवन मानार्थ सदस्य, संस्थापक सदस्यहरु मध्येबाट १ जना 'सदस्य

(ग) रास्कोट अस्पतालका लागि जग्गा उपलब्ध गराउने जग्गादाताहरुबाट २ जना 'सदस्य

(घ) रास्कोट नगरपालिका भित्रका महिला, दलित र अपाङ्गबाट समितिले मनोनित गरेका ३ जना - सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभवि ब्यक्तिवाट मनोनित १ जना सदस्य

(च) अस्पताल रहेको सम्वन्धित वडाको वडाध्यक्ष सदस्य

(छ) नगर स्वास्थ्य शाखा प्रमुख सदस्य

ज) रास्कोट अस्पतालको प्रमुख ब्यवस्थापक सदस्य

(ज) सामाजिक विकास समिति संयोजक सदस्य

(झ) रास्कोट अस्पतालमा कार्यरत सिनियर डाक्टर 'सदस्य सचिव

(२) देहायको योग्यता भएको व्यक्ति समितिको पदाधिकारी एवं सदस्य पदमा नियुक्तिका लागि योग्य हुनेछ ।

(क) नेपाली नागरिक भएको ।
(ख) नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतबाट सजाय नपाएको ।
(ग) १८ वर्ष उमेर पुरा भएको ।
(घ) मानसिक सन्तुलन नगुमाएको ।
(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहर नभएको ।

(३) देहायको व्यक्ति समितिको ध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि अयोग्य हुनेछ ।
(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार रहि सजाय भोगेको ।

प्रशासकीय अधिकृत

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्तर्गतको कुनै संगठित सस्थामा कुनै वेरुजु तथा बाँकी बक्यौता भएको ।

(ग) उच्च नैतिक चरित्र नभएको तथा कालो सूचिमा परेको ।

(घ) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति वा ड्राइभर्सिटी भिसाका लागि आवेदन गरेको ।

(४) समितिका पदाधिकारीहरु तथा सदस्यहरुको पदावधि देहाय वमोजिम हुनेछ ।

(क) पदाधिकारी तथा सदस्यहरुको हकमा नियुक्ति भएको मितिले ४ वर्ष सम्मको पदावधि हुनेछ ।

(ख) पदेन सदस्यहरु मध्य कर्मचारी भए रास्कोट नगरपालिकामा कार्यरत रहदा सम्म उसको पदावधि रहने र रास्कोटबाट सरुवा भएमा उसको दरबन्दीमा आउने ब्यक्ति प्रतिस्थापित हुनेछ ।

(ग) पदेन सदस्य मध्य जनप्रतिनिधिको हकमा निर्वाचित भएको मिति देखि अर्को निर्वाचन भएर नयाँ ब्यक्ति पदभार ग्रहण गरेको दिन सम्म हुनेछ ।

(५) अन्य समिति गठनः समितिले आवश्यक देखेमा समितिको पूर्ण वैठकको कम्तिमा दुई तिहाईको निर्णयबाट विभिन्न उप समिति र सल्लाहकार समिति निर्देशिका गर्न सक्नेछ ।

## ४. समितिको काम, कर्तव्य र अधिकार

पदाधिकारी तथा सदस्यहरुको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) श्रोत साधन जुटाई स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय, चुस्त दुरुस्त बनाउने,

(२) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सरल, व्यवस्थित, सर्वसुलभ र पारदर्शी बनाउने.

(३) स्वास्थ्य संस्थाको प्रभावकारी रुपमा व्यवस्थापन र संचालन गर्ने,

(४) स्वास्थ्य संस्थाको लागि अल्पकालीन तथा दिर्घकालीन योजना तर्जुमा गर्ने गराउने,

(५) स्वास्थ्य संस्थाको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

(६) स्वास्थ्य संस्थाको सेवा शुल्क प्रस्ताव गरि स्वीकृतिका लागि स्थानीय सरकारमा पेश गर्ने ।

(७) स्वास्थ्य संस्थाको भौतिक सम्पत्ति संरक्षण, मर्मत सम्भार तथा विकास गर्ने,

(८) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवा सुबिधाहरूको नियमित अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्ने,

(९) स्वास्थ्य संस्था मार्फत तोकिएको ढाँचामा मासिक रुपमा प्रतिवेदन तयार पारि स्थानीय सरकार समक्ष पेश गर्ने,

(१०) लक्षित वर्गलाई प्रचलित मापदण्ड बमोजिमको निःशुल्क उपचारको प्रभावकारी व्यवस्था मिलाउने,

(११) स्वास्थ्य संस्था र संस्था परिसरको सरसफाई गर्ने गराउने र फोहोर बिसर्जको उचित प्रबन्ध मिलाउने,

(१२) अन्तराष्ट्रिय तथा राष्ट्रिय गैह्र सरकारी संस्थाहरूसंग सहकार्य समन्वय गरि स्वास्थ्य सेवा विस्तार गर्ने, गराउने ।

(१३) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**५. समितिको बैठक सम्बन्धि व्यवस्थाः**

(१) समितिको बैठक मासिक रुपमा बस्नेछ । तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको एक तिहाई सदस्यले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा अठ्चालिस घण्टा अगावै सदस्य सचिवले बैठकको एजेन्डा सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) कुल संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा तोकिएको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएको खण्डमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य सचिव (व्यवस्थापक) ले प्रमाणित गरि राख्नु पर्नेछ ।

(८) व्यवस्थापक नियुक्ति नहुदा सम्म र व्यवस्थापकको पद रिक्त भएको अवस्थामा सदस्य सचितको जिम्मेवारी समितिका पदेन सदस्य प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(९) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिका पदाधिकारीहरुको नियमानुसारको बैठक भत्ता पाउने छन ।

(११) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**६. अस्पतालमा स्वास्थ्यकर्मी र अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्था**

१. अस्पताल प्रमुखको रुपमा अस्पातलको सिनियर डाक्टर रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२.अन्य स्वास्थ्यकर्मी नगरपालिका भित्रका मौजुद दरबन्दीमा कार्यरत जनशक्तिलाई परिचालन गर्ने तथा अपुग कर्मचारी र स्वास्थ्यकर्मी खुला प्रतिस्पर्धाबाट नगरपालिकाले स्रोत व्यवस्थापन गर्नेगरि करारमा नियुक्ति गर्नु पर्नेछ ।

३. उपदफा २ बमोजिम नियुक्ति गर्नुपर्ने स्वास्थ्यकर्मी र कर्मचारी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम गरिनेछ ।

४. अस्पतालको आर्थिक, प्रशासनिक र भौतिक पक्षको व्यवस्थापन गर्ने एक प्रमुख व्यवस्थापक रहने छ ।

५.उपदफा(४) बमोजिमको प्रमुख व्यवस्थापकको नियुक्ति मौजुद स्वास्थ्यकर्मी कर्मचारीबाट व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ । वा कर्मचारी अपुग र कर्मचारी परिचालन गर्न नसकिने अवस्थामा खुला प्रतिस्पर्धाबाट पनि गर्न सकिनेछ ।

६. खुला प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्ति गर्ने न्युनतम शैक्षिक योग्यता मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन संकाय वा स्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त गरेको हुनु पर्नेछ ।

७. स्वास्थ्य सेवा संचालन विस्तार तथा गुणस्तर अभिवृद्धि गर्नको लागि समितिले संनिर्देशिका तथा व्यवस्थापन सर्वेक्षण गरि नगर सरकारले स्वीकृत गरे पश्चात अस्पतालका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी खुल्ला प्रतियोगीता द्धारा आवश्यक जनशक्ति स्थायी तथा करारमा लिन सक्नेछ । १५ सैयाको अस्पताललाई सरकारले कायम गरेको दरवन्दि र निर्देशिका तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत दरबन्दी भन्दा बढी राख्न पाईने छैन तर दैनिक ज्यालादारी दिने गरि अल्पकालीन रुपमा र काम तथा आम्दानीलाई आधार वनाएर भुक्तानी दिने गरि आवश्यकता अनुसार जनशक्ति राख्न सकिनेछ ।

८. तत्कालिन रास्कोट कम्युनिटी हस्पिटलमा कार्यरत जनशक्तिलाई रास्कोट हस्पिटलको जनशक्तिको रुपमा कायम गरिने छ ।

९. करारमा नियुक्ति हुनेहरूको पारिश्रमिक सेवाको शर्त र सुविधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

**७. समितिको कोषः**

(१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट स्वास्थ्य संस्था संचालनको लागि प्राप्त हुने अनुदानको रकम,

(ख) स्वास्थ्य संस्थाको सेवा प्रदान गरे बापत प्राप्त हुने शुल्क रकम,

(ग) दातृ निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्य स्रोत बाट प्राप्त रकम ।

(३) समितिको काम कारवाहीमा हुने खर्च समितिको बैठकले निर्णय गरे अनुसार खर्च गरिनेछ । यस्तो खर्च गर्दा सावाजनिक खरिद ऐन. नियमावाली तथा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(४) समितिको मुल खाता रास्कोट नगरपालिकामा स्थापित कुनै पनि बैंकमा खोलि सचालन गरिनेछ ।

(५) समितिको खाता समितिको अध्यक्ष, सदस्य सचिव र समितिको निर्णयबाट तोकिएको कुनै एक जना सदस्यको संयुक्त हस्ताक्षरबाट संचालन गरिने छ ।

(६) व्यवस्थापक सगँ समितिको सम्झौता भई नगर कार्यपालिकाद्धारा अनुमोदन भएको अवस्थामा सोहि अनुसार आन्तरिक आम्दानीको व्यवस्थापन गरिनेछ ।

(७) समितिको कोषमा जम्मा हुन आउने रमक जुन प्रयोजनका लागि प्राप्त भएको हो सोहि प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ ।

(८) अन्तराष्ट्रिय सरकारी तथा गैह्र सरकारी संघसस्था वा विदेशी व्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्नेछ ।

(९) समितिले विभिन्न कल्याणकारी कोषहरु संचालन गर्न सक्नेछ । सोको कार्यविधि स्थानीय सरकारसगँ स्वीकृत गराउनु पर्नेछ ।

## ९. सम्पति र कोषको हस्तान्तरण

रास्कोट कम्युनिटी हस्पिटल संचालक समिति र रवि लामिछाने फाउण्डेशनको संयुक्त अभियानले बनेको रास्कोट कम्युनिटी हस्पिटलमा रहेको चल अचल सम्पत्ति यसै निर्देशिका बमोजिम गठन हुने रास्कोट अस्पताल व्यवस्थापन समितिको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

## १०. लेखा र लेखापरीक्षण

(क) समितिको आय ब्ययको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाचाँ वमोजिम राख्नु पर्नेछ ।

(ख) कोषको आन्तरिक लेखापरीक्षण समितिको निर्णय बमोजिम हुनेछ ।

(ग) कोषको अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम आईक्यानमा दर्ता भएको लेखापरिक्षक फर्म वा कम्पनिबाट गर्नु पर्नेछ ।

(घ) नगर सरकारले जुनसुकै बखत समितिको हिसाब किताब जाच्न वा जचाउन सक्नेछ ।

११. अधिकार प्रत्यायोजन

समितिले आफुलाई प्राप्त अधिकारहरू मध्ये दफा ४ को खण्ड (५) वमोजिम स्वास्थ्य संस्थाको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने तथा खण्ड (६) बमोजिम स्वास्थ्य संस्थाको सेवा शुल्क प्रस्ताव गरि स्वीकृतिका लागि स्थानीय सरकारमा पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य सचिव वा समितिले तोकेको सदस्यले प्रयोग गर्ने गरि प्रत्यायोजन गर्न सक्नेछ ।

१२. निर्देशन दिने

स्थानीय सरकारले समितिको काम कारवाहिका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तव्यं हुनेछ ।

१३.परिमार्जन

रास्कोट अस्पताल संचालनका क्रममा कुनै कानुनी समस्या भई काम गर्न बाधा अड्चन भएमा रास्कोट अस्पताल ब्यबस्थापन समितिले निर्णय गरि सो विषयमा नगरकार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय र आवश्यकता अनुसार यस रास्कोट अस्पताल व्यवस्थापन समिति निर्देशिका, २०७७" नगरकार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

१४. खारेजी र बचाउः यस अघि रास्कोट अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७७ बमोजिम गरिएका कार्य यसै निर्देशिका बमोजिम भएको मानिने छ । रास्कोट अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७७ खारेजी गरिएको छ ।

आज्ञाले
खेमराज शाही
नि. प्रमुख प्रशासकीय अधिकृत